नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाडौं

# आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदनको सारांश

## आर्थिक वर्ष २०७७/०७८

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## कानूनी व्यवस्था

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (१) ले नेपाल सरकारका प्रत्येक कार्यालयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ भन्ने व्यवस्था भएको र सोही दफाको उपदफा (११) मा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्री समक्ष पेस गर्नुपर्नेछ भनी उल्लेख छ । कार्यालय प्रमुखले आफ्नो कार्यालयको विनियोजन, राजस्व र धरौटी तर्फको आय-व्यय तथा प्रचलित कानून बमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालयले तोकिदिए बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्नेछ र कोष तथा लेखा नियन्त्रक कार्यालयले समेत कार्यालयको राजस्व, धरौटी, विनियोजन तर्फको आय व्यय र प्रचलित कानून बमोजिम खडा भएको कार्यसञ्चालन वा अन्य सार्वजनिक कोषको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरूजुहरू अन्तिम लेखापरीक्षण अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेस गर्नु पर्नेमा प्रमाण पेस गरी वा असुल उपर गर्नु पर्नेमा असुल गरी बेरूजु लगत कट्टा गराई वित्तीय जवाफदेहिता पूरा गर्नुपर्ने कानूनी व्यवस्था छ । तालुक कार्यालयले समेत आफू मातहत निकायको आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरूजुहरू समयमै फर्छ्यौट गरे/नगरेको अनुगमन गरी समयमै आन्तरिक लेखापरीक्षण बेरूजु फर्छ्यौट नगर्ने जिम्मेवार अधिकारीलाई सेवा सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षणको उद्देश्य

सरकारी निकायबाट सम्पादन गरिने कार्यक्रमहरूमा गरिएको लगानी उक्त कार्यक्रमको निर्दिष्ट उद्देश्य हासिल गर्ने तर्फ नियमित, मितव्ययी र प्रभावकारी रूपले भई रहे/नरहेको परीक्षण गरी व्यवस्थापनलाई सुझाव दिनु हो । यसका अतिरिक्त निम्न विशिष्ट उद्देश्य रहेका छन् ।

(क) सरकारी निकायहरूबाट निर्दिष्ट उद्देश्य हाँसिल गर्न गरिएको लगानी (Input) नियमित, मितव्ययी र प्रभावकारी भए/नभएको परीक्षण गरी व्यवस्थापनलाई सुझाव प्रदान गर्ने,

(ख) सरकारी निकायबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरूप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग पुर्‍याउने,

(ग) लेखापरीक्षण प्रतिवेदन समयमै सही र भरपर्दो रूपमा उपलब्ध गराई वित्तीय अनुशासन कायम गर्न व्यवस्थापनलाई सहयोग पुर्‍याउने,

(घ) आन्तरिक लेखापरीक्षण सम्बन्धी सुधारका विषय वस्तुहरूलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण गर्ने,

(ङ) अन्तिम लेखापरीक्षण कार्यलाई सहयोग पुर्‍याउने,

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

(च) आन्तरिक नियन्त्रण प्रणाली प्रयोगको अवस्था सम्बन्धमा जाँच गर्ने ।

**आन्तरिक लेखापरीक्षणको क्षेत्र**

आन्तरिक लेखापरीक्षण व्यवस्थापनको सहयोगको लागि गरिने मूल्याङ्कन हो । यसमा सङ्गठनले अपनाएको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समेत मापन, मूल्याङ्कन तथा विश्लेषण गरिन्छ । उपलब्ध साधन र स्रोतको नियमित, मितव्ययी र प्रभावकारी तरिकाबाट प्रयोग गरी सङ्गठनको निर्दिष्ट उद्देश्य हाँसिल गर्नेतर्फ परीक्षण केन्द्रित रही व्यवस्थापनलाई आवश्यक सुझावहरू उपलब्ध गराइन्छ । आन्तरिक लेखापरीक्षणको कार्यक्षेत्र देहाय बमोजिम रहन्छ ।

(क) वित्तीय कारोबारको गणितीय शुद्धताको परीक्षण गर्ने,

(ख) प्रचलित कानूनको पालना भए/नभएको परीक्षण गर्ने,

(ग) वित्तीय साधनको उपयोग मितव्ययी, दक्ष र प्रभावकारी रूपमा भए/नभएको परीक्षण गर्ने,

(घ) स्वीकृत वार्षिक कार्यक्रमबाट निर्धारित लक्ष्य प्राप्त भए/नभएको परीक्षण गर्ने,

(ङ) वित्तीय प्रतिवेदनहरूले आर्थिक कारोबारको सही र यथार्थ चित्रण प्रस्तुत गरे/नगरेको परीक्षण गर्ने,

(च) सङ्गठनले अपनाएको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको मूल्याङ्कन तथा विश्लेषण गर्ने,

(छ) लेखाङ्कन तथा प्रतिवेदनको स्वीकृत ढाँचा तथा मापदण्ड पालना भए/नभएको परीक्षण गर्ने,

(ज) सार्वजनिक खर्चको जोखिम विश्लेषण गर्ने,

(झ) सरकारी लेखा प्रणालीमा सुधार गर्न सुझाव दिने ।

**आन्तरिक लेखापरीक्षणका विधिहरू**

आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षकद्वारा आवश्यकता अनुसार देहाय अनुसारका विधिहरूको अवलम्बन गरिएको छ ।

### १. नियन्त्रण परीक्षण

नियन्त्रण क्रियाकलापको संरचना - सोधपुछ, अवलोकन वा निरीक्षणद्वारा लेखापरीक्षकले नियन्त्रण क्रियाकलापहरूको संरचनाका गलत प्रस्तुतिलाई रोकथाम गर्न, पत्ता लगाउन र सच्याउनको लागि नियन्त्रणको परीक्षण उपयुक्त रहे/नरहेको सम्बन्धमा आश्वस्त हुने गरी विश्लेषण गरिएको ।

### २. सारभूत परीक्षण

आर्थिक विवरणहरूमा सारपूर्ण गलत प्रस्तुतिहरूको पहिचान गर्न र लेखापरीक्षण प्रमाण हाँसिल गर्न सारभूत परीक्षण गर्ने: यि कार्यविधिहरू २ प्रकारले गर्न सकिन्छ -

**क) कारोबारहरू तथा मौज्दात विवरणको विस्तृत परीक्षण**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

विस्तृत विवरणको परीक्षण भन्नाले गत वर्षको कारोबारको मौज्दात र यस वर्षको कारोबारको प्रकार निर्धारण गर्ने प्रत्येक आइटम वा कारोबारहरूमा लेखापरीक्षणका माथि उल्लेखित विधि (तुलना, गणना, समर्थन, निरीक्षण र भौतिक परीक्षण) मध्ये कुनै एक भन्दा बढी विधिको प्रयोग गर्नुलाई बुझिन्छ ।

**ख) विश्लेषणात्मक कार्यविधिहरू**

१. आर्थिक कारोबारको सञ्चालन सम्बन्धी तथ्याङ्कको विश्लेषण तथा अनुगमन गर्ने,

२. तुलना तथा गणना गर्ने, सोधखोज गर्ने, निरीक्षण गर्ने र अवलोकन गर्ने

३. गत वर्षको मौज्दात रकम अथवा आर्थिक कारोबारलाई लेखापरीक्षकले गरेको अनुमानसँग तुलना गरी अनुपात वा प्रवृति विश्लेषण गर्ने,

४. विश्लेषण गर्दा लेखापरीक्षकले आर्थिक कारोबारमा अस्वाभाविक वा अनपेक्षित उतारचढावको अवस्था देखेमा तिनको प्रकृति तथा कारणको अनुसन्धान गर्ने,

५. सामान्यतया विश्लेषणात्मक कार्यविधिमा तीन तत्वहरू रहेका हुन्छन् ।

विश्लेषण गर्दा तर्कसङ्गत परीक्षण, प्रविधि विश्लेषण र अनुपात विश्लेषण सम्बन्धी प्रक्रियाहरूको अवलम्बन गरेर कार्यविधि तय गर्न सकिन्छ ।

**<u>आन्तरिक लेखापरीक्षण प्रक्रियाहरू</u>**

आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गर्दा आवश्यकता अनुसार देहाय अनुसारका प्रक्रियाहरूको अवलम्बन गरिएको छ ।

**१. कागजात पुनरावलोकन :**

१.१. अभिलेख वा कागजातको अध्ययन,

१.२. गोश्वारा भौचरसँग संलग्न बिल भरपाई तथा अन्य कागजात, भौतिक सम्पत्ति आदिको परीक्षण गर्ने । जस्तै – मौज्दात रकम, मूल्याङ्कनको प्रमाण, आपूर्तिकर्ताको बिल र जिन्सी दाखिला प्रतिवेदन आदि कागजातहरू ।

**२. गणना :**

गणितीय यथार्थताको परीक्षण गर्ने, उदाहरणको लागि लेखापरीक्षणको क्रममा पेस भएका स्रेस्ता एवं प्रतिवेदनको गणितीय शुद्धताको परीक्षण ।

**३. सुनिश्चितता:**

कार्यालयबाट प्राप्त भएका अभिलेखमा उल्लेख भएका विवरणको थप पुस्ट्याइँको लागि सोसँग सम्बन्धित पक्षलाई प्रमाण हुने गरी लिखित रूपमा सोध्ने प्रतिक्रिया लिने । जस्तै - स्वामित्वको पुस्ट्याइँ तथा बैङ्क मौज्दातको प्रमाण सम्बन्धमा बैङ्कसँग, दायित्वहरूका सन्दर्भमा सम्बन्धित पक्षलाई पत्र लेखि प्रतिक्रिया प्राप्त गर्नु ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

**४. सोधपुछ :**

सम्बन्धित निकाय वा बाह्य पक्षसँग अन्तर्वार्ता वा सूचनाको लागि अनुरोध गरी जानकारी लिने कुराहरू । सोधपुछ, अन्तर्वार्ता वा सूचना लिखित वा मौखिक दुवै रूपमा हुन सक्दछ ।

**५. अवलोकन :**

अरूले सम्पादन गरेका कार्यहरू वा प्रक्रियाहरूको अवलोकन, अनुगमन आदि कार्य गर्ने । उदाहरणको लागि आन्तरिक लेखापरीक्षकले गर्ने कार्यालयको जिन्सी सामानको भौतिक परीक्षण ।

**६. भौतिक परीक्षण :**

कागजातमा उल्लेख गरिएका बाहेक अन्य सम्पत्ति तथा उपकरण, नगद, जिन्सी र प्लान्ट एन्ड मेशीनरी औजारको अवस्था एवं निर्माण सुधार गरिएको संस्थाको स्थिति निरीक्षण गरी कागजातमा उल्लेख भए बमोजिम आदि छ/छैन भनी यकिन गर्ने ।

**७. तुलना :**

आम्दानी तथा खर्च रकमको औसत, नगद प्रवाहको अनुपात, स्वामित्वको प्रमाण, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन आदि विषयमा अघिल्लो आर्थिक वर्षसँग तुलना गर्ने ।

**आन्तरिक लेखापरीक्षणका विषयहरू**

आन्तरिक लेखापरीक्षकद्वारा देहाय अनुसारका विषयहरूसँग सम्बन्धित रहेर आन्तरिक लेखापरीक्षण गरिएको छ ।

१. लेखाङ्कन तथा वितीय प्रतिवेदन प्रस्तुतिको परीक्षण

२. आन्तरिक नियन्त्रण तथा जवाफदेहिताको परीक्षण

३. वितीय वा आर्थिक विवरणको यथार्थता परीक्षण

४. प्राप्ति कार्यको परीक्षण

५. चालु खर्चको लेखापरीक्षण

६. पुँजीगत खर्चको लेखापरीक्षण

७. खरिद सम्बन्धी लेखापरीक्षण

८. निर्माण व्यवस्थापन सम्बन्धी लेखापरीक्षण

९. वस्तु तथा मालसामान खर्चको लेखापरीक्षण

१०. परामर्श सेवा खर्चको लेखापरीक्षण

११. धरौटीको अभिलेखको परीक्षण

१२. राजस्वको लेखापरीक्षण

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

१३. कार्य सञ्चालन कोष तथा अन्य कोषको परीक्षण

१४. आयोजना लेखाको लेखापरीक्षण

१५. जिन्सीको अभिलेखको परीक्षण

१६. विगतको सुझाव कार्यान्वयनको अवस्था

**आन्तरिक लेखापरीक्षण बेरूजु शीर्षक वर्गीकरण**

आन्तरिक लेखापरीक्षणको माध्यमबाट व्यवस्थापनलाई उपयुक्त राय सुझाव दिन समसामयिक सुधार गरी भविष्यमा आन्तरिक लेखापरीक्षणलाई अझैं प्रभावकारी बनाउन आ.व.२०७७/२०७८ देखि बेरूजुलाई विभिन्न मूल शीर्षकहरूमा वर्गीकरण गरी निम्न अनुसारका उप-शीर्षकहरूमा बेरूजु/कैफियत प्रविष्ट गर्ने र सोही बमोजिम प्रतिवेदन गर्ने व्यवस्था गरिएको छ ।

| शीर्षक | कोड नं | बेरूजु शीर्षक |
|---|---|---|
| **मूल शीर्षक** | **१००** | **आन्तरिक नियन्त्रण** |
| | १०१ | आन्तरिक नियन्त्रण प्रणाली तयार गरे/नगरेको |
| | १०२ | निरीक्षण तथा सुपरीवेक्षणको कार्यान्वयन स्थिती |
| | १०३ | वित्तीय प्रतिवेदनहरूको सार्वजनिकरण |
| | १०४ | स्रेस्ता पेस नगरेको तथा नराखेको |
| | **१०५** | **अन्य** |
| **मूल शीर्षक** | **२००** | **मलेप फाराम र खाताहरूको प्रयोग** |
| | २०१ | मर्मत संम्भार तथा संरक्षण आवेदन फारम र अभिलेख खाता ( म.ले.प.फा. न. ४१४ र ४१५ ) |
| | २०२ | भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी बेगर भुक्तानी (म.ले.प.फा.न. २२१) |
| | २०३ | भुक्तानी कारोबारको सिफारिस पत्र ( म.ले.प.फा.न. २०२) |
| | २०४ | नापी किताब ( म.ले.प.फा. ५०३) |
| | २०५ | ठेक्का लगत ( म.ले.प.फा. ५१२) |
| | **२०६** | **अन्य ( म.ले.प.फा.को प्रयोग)** |
| **मूल शीर्षक** | **३००** | **वार्षिक बजेट तथा कार्यक्रम** |
| | ३०१ | वार्षिक लक्ष्य तथा प्रगति |
| | ३०२ | स्विकृत वार्षिक बजेट र कार्यक्रम विपरीत खर्च |
| | ३०३ | साल तमाममा बाँकी रकम फिर्ता |
| | ३०४ | बजेट उपशीर्षक तथा खर्च शीर्षक फरक पारी खर्च लेखेको |
| | **३०५** | **अन्य** |
| **मूल शीर्षक** | **४००** | **पारिश्रमिक तथा सेवा सुविधा** |
| | ४०१ | तलवी प्रतिवेदन |
| | ४०२ | बढी तलब तथा तलव वृद्धि (ग्रेड) |
| | ४०३ | कायम मुकायम तथा निमित्त तलब भत्ता सुविधा |
| | ४०४ | पोशाक भत्ता |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| | | |
|---|---|---|
| | ४०५ | अन्य सुबिधा |
| **मूल शीर्षक** | **५००** | **बढी भुक्तानी/तथा आधार नभएको** |
| | ५०१ | भ्रमण खर्च नियमावली विपरीत भुक्तानी |
| | ५०२ | प्रचलित नर्म्स विपरीत भुक्तानी |
| | ५०३ | बिल /भर्पाई बेगर भुक्तानी |
| | ५०४ | प्रमाणित पुष्ट्याई कागजात नपुगेको तथा रीत नपुगेको |
| | ५०५ | थप दस्तुर तथा कमिशन भुक्तानी |
| | ५०६ | बढी एंव दोहोरो भुक्तानी |
| | ५०७ | गलत पेस्की फर्छ्यौट एंव भुक्तानी |
| | ५०८ | अन्य (माथि उल्लिखित बाहेकका) |
| **मूल शीर्षक** | **६००** | **खरिद व्यवस्थापन** |
| | ६०१ | खरिद महाशाखा, शाखा वा एकाई |
| | ६०२ | खरिद योजना |
| | ६०३ | बोलपत्र जमानत |
| | ६०४ | सिलबन्दी दरभाउपत्र जमानत |
| | ६०५ | कार्यसम्पादन जमानत |
| | ६०६ | पेस्की भुक्तानीजमानत |
| | ६०७ | तोकिएको खरिद विधि र प्रकृयाबाट खरिद नभएको |
| | ६०८ | लागत अनुमान र स्विकृत |
| | ६०९ | कार्यसम्पन्न प्रतिवेदन |
| | ६१० | निर्माण कार्यको बिमा |
| | ६१० | मुल्य समायोजन (मुल्यवृद्धि) |
| | ६११ | भेरियशन आदेश |
| | ६१२ | पूर्व निर्धारित क्षतिपुर्ति |
| | ६१३ | सम्झौताको अवधि थप ( म्याद थप) |
| | ६१४ | कन्टिजेन्सी |
| | ६१५ | अन्य (माथि उल्लेखीत बाहेकका) |
| **मूल शीर्षक** | **७००** | **कर व्यवस्थापन** |
| | **७१०** | **मुल्य अभिबृद्धि** |
| | ७११ | मु कर दर्ता |
| | ७१२ | मुल्य अभिबृद्धि कर कट्टा र दाखिला |
| | ७१३ | त्रुट्टीपूर्ण कर विजक |
| | ७१४ | अन्य |
| | **७२०** | **भुक्तानीमा कर कट्टी र दाखिला** |
| | ७२१ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा र पारिश्रमिक कर कट्टी |
| | ७२२ | अग्रिम आयकर |
| | ७२३ | भाडा भुक्तानीमा कट्टी कर |
| | ७२४ | धरौटी कट्टी |
| | ७२५ | अन्य |
| **मूल शीर्षक** | **८००** | **पेस्कीको जिम्मेवारी सारेको** |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| | | |
|---|---|---|
| | ८०१ | कर्मचारी पेस्की |
| | ८०२ | अन्य ( व्यक्ति/ संस्था/फर्म ) पेस्की |
| **मूल शीर्षक** | **९००** | **सुझाव** |
| | ९०१ | कार्यालयको सरसफाई तथा स्वास्थ्य सजगकता |
| | ९०२ | जनशक्ति व्यवस्थापन |
| | ९०३ | नागरिक बडापत्र तथा ग्राहकमैत्री व्यवहार |
| | ९०४ | अनुगमन तथा सुपरिवेक्षण |
| | ९०५ | त्रैमासिक योजना तथा प्रगति |
| **मूल शीर्षक** | **१०००** | **अन्य- मूलशीर्षक र उप शीर्षक भित्र नपरेको** |
| | १००१.१ | |
| **मूल शीर्षक** | **११००** | **वैदेशिक लगानीमा सञ्चालित आयोजना ( PCU ले तयार गर्ने)** |
| | ११०१ | शोधभर्ना माग |
| | ११०२ | विवरणको अभिलेख |
| | ११०३ | भौचिङ् र अनुसूचीको प्रयोग |
| | **११०४** | **अन्य** |
| **मूल शीर्षक** | **१२००** | **राजस्व** |
| | १२०१ | तोकिएको राजस्व नलिएको तथा कम लिएको |
| | १२०२ | समयमा दाखिला नगरेको |
| | १२०३ | शीर्षक फरक पारी दाखिला गरेको |
| | १२०४ | अभिलेख र निरीक्षण |
| | १२०५ | अन्य |
| **मूल शीर्षक** | १३०० | **धरौटी** |
| | १३०१ | असम्बन्धित रकम धरौटी खातामा जम्मा |
| | १३०२ | धरौटी रकम जफत तथा सदरस्याहा |
| | १३०३ | धरौटी रकम फिर्ता |
| | १३०४ | अन्य प्रयोजनमा खर्च |
| | १३०५ | बैङ्क हिसाब मिलान |
| | १३०६ | अन्य |
| **मूल शीर्षक** | १४०० | **जिन्सी तथा सम्पति व्यवस्थापन** |
| | १४०१ | जिन्सी सामानको आम्दानी र खर्च |
| | १४०२ | जिन्सी निरीक्षण |
| | १४०३ | जिन्सी सामानको लिलाम बिक्री तथा हस्तान्तरण |
| | १४०४ | घरजग्गाको लगत किताब |
| | १४०५ | PAMS को प्रयोग अवस्था |
| | १४०६ | बरबुझारथ |
| | १४०७ | अन्य |
| **मूल शीर्षक** | १५०० | **कार्यसञ्चालन कोष** |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| | | |
|---|---|---|
| | १५०१ | कार्यसञ्चालन कोषको अवस्था |
| **मूल शीर्षक** | १६०० | **गत विगतको बेरूजु अभिलेख तथा सम्परीक्षण अवस्था** |
| | १६०१ | तोकिएको ढाँचामा लगत राखेको/नराखेको |
| | १६०२ | फर्छ्यौट  तथा फरफारख अवस्था |
| | १६०३ | अन्य |

**<u>आन्तरिक लेखापरीक्षणका सीमाहरू</u>**

क. विद्युतीय प्रणालीमा आधारित कार्य सञ्चालन प्रक्रियाका कारण एकल खाता कोष प्रणाली लगायतका प्रणालीबाट उपलब्ध तथ्याङ्कहरूमा आधारित भई आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक विवरण तयार गरिएको ।

ख. बेरूजुको कोडिङ अन्तर्गत मूल शीर्षक र उप शीर्षकहरूमा गरिएको वर्गीकरण प्रारम्भिक रूपमा मात्र तयार भएको । प्रणालीको प्रयोगकर्ता तथा सरोकारवालाबाट प्राप्त राय सुझावको आधारमा पूर्णता दिन बाँकी रहेको ।

ग. राजस्व तर्फको आन्तरिक लेखापरीक्षण प्रतिवेदन अधिकांश गैरकर राजस्वमा मात्र आधारित रहेको ।

घ. व्यवस्थापन सूचना प्रणाली अन्तर्गत TSA, FMIS, RMIS बाट मिति २०७८।०७।२९ गते प्राप्त प्रारम्भिक तथ्याङ्कमा आधारित भएर यो प्रतिवेदन तयार गरिएको छ । सो समयसम्ममा बेरुजुको तथ्याङ्क अभिलेखाङ्कन गर्ने प्रणालीमा कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल काठ्माडौं, धनुषा, महोत्तरीले आफ्नो कार्यक्षेत्र भित्रका सबै कार्यालयहरुको आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रविष्टि नगरेको अवस्था रहेको छ ।

ङ. प्रचलित कानून अनुसार आन्तरिक लेखापरीक्षणको लागि अनुरोध गर्ने प्रदेश तथा स्थानीय तहका आन्तरिक लेखापरीक्षण प्रतिवेदनको विवरण समावेश भएको ।

**<u>वार्षिक प्रतिवेदन</u>**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (११) मा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको एकीकृत प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिनाभित्र अर्थमन्त्री समक्ष पेस गर्नुपर्नेछ भनी उल्लेख भए अनुसार तोकिएको समयमै यो प्रतिवेदन तयार गरी पेस गरिएको छ ।

**<u>आन्तरिक लेखापरीक्षणको अवस्था</u>**

कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट आ.व.२०७७/७८ को नेपाल सरकारका निकायहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा बेरूजुलाई मुख्य ३ भागमा नियमित गर्नुपर्ने बेरूजु, म्याद नाघेको पेस्की बाँकी र असुल उपर गर्नुपर्नेमा वर्गीकरण गरी यो प्रतिवेदन तयार गरिएको छ । म्याद ननाघेको पेस्की बाँकीको विवरण छुट्टै उल्लेख गरिएको छ। प्रतिवेदनमा उल्लेखनीय बेरूजु सारांश र अन्य विवरण निम्नानुसार रहेको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

क. आ.व. २०७७।७८ को विनियोजन तर्फको वार्षिक बजेट रू. १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाख रहेकोमा रू. ११ खर्ब ९६ अर्ब ६० करोड ३० लाख निकासा/खर्च भई आन्तरिक लेखापरीक्षणबाट बेरुजु रू. २५ अर्ब २६ करोड ५० लाख देखिन आएको छ । सो बेरूजु रकम कुल निकासा/खर्चको २.११% हुन आउँछ.।

ख. आ.व. २०७७।७८ को कुल राजस्व अनुमान रकम रू. ८ खर्ब ८९ अर्ब ६२ करोड भएकोमा रू. ९ खर्ब ७६ अर्ब ३२ करोड ९ लाख संकलन भई कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा आन्तरिक लेखापरीक्षण भएको राजस्व तर्फको बेरुजु रकम रू. २३ करोड ६१ लाख देखिन आएको छ । सो बेरूजु रकम कुल राजस्वको ०.०२% हुन आउँछ ।

ग. धरौटीतर्फ आ.व. २०७७/०७८ को लागि अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएको रकम रू. ४१ अर्ब ९८ करोड ३ लाख तथा आ.व. २०७८/०७९ को अन्त्यमा धरौटी रकम रू. रु. ४६ अर्ब २५ करोड ३० लाख रहेको छ । धरौटीको आन्तरिक लेखापरीक्षण बेरुजु रकम रू. ६ लाख ७ हजार देखिन आएको छ ।

घ. कार्यसञ्चालन कोष तर्फ आ.व. २०७७/०७८ को लागि अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएको रकम रू. ७४ अर्ब ११ करोड १५ लाख रहेको तथा आ.व. २०७८/०७९ को अन्त्यमा रू. ८१ अर्ब २९ करोड ६१ लाख रहेको छ । कार्यसञ्चालन कोषको आन्तरिक लेखापरीक्षण बेरुजु रकम रू. २९ लाख ५० हजार देखिन आएको छ ।

ङ. पेस्की तर्फ म्याद नाघेको पेस्की रकम रू. १७ अर्ब ७१ करोड ५७ लाख र म्याद ननाघेको पेस्की रकम रू. १९ अर्ब ३९ करोड ५ लाख गरी जम्मा रू. ३७ अर्ब १० करोड ६२ लाख देखिन आएको छ ।

च. कुल बेरुजु मध्ये नियमित गर्नुपर्ने रकम रू. ६ अर्ब ९५ करोड ७३ लाख, असुल उपर गर्नुपर्ने रकम रू. ५९ करोड १९ लाख र म्याद नाघेको पेस्की रकम रू. १७ अर्ब ७१ करोड ५८ लाख गरी जम्मा रू. २५ अर्ब २६ करोड ५० लाख बेरूजु देखिन आएको छ ।

छ. आ.व. २०७६।७७ को बेरूजु अङ्क रू. ११ अर्ब ३९ करोड ९७ लाख देखिएकोमा आ.व.२०७७।२०७८ को बेरूजु रू. २५ अर्ब २६ करोड ५० लाख देखिएको छ । जुन आ.व.२०७६।०७६७ को तुलनामा रू. १३ अर्ब ८६ करोड ५३ लाख बढी भई १२१.६२% वृद्धि भएको छ ।

ज. तलबी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन बेगर खर्च लेखेको भनि कायम हुन आएको नियमित गर्नुपर्ने बेरुजु रकम रू. ४ करोड ४९ लाख ८९ हजार रहेको छ ।

झ. लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कुल बेरूजु मध्ये नियमित गर्नुपर्ने बेरुजु मात्र रू. ६ अर्ब ९५ करोड ७३ लाख देखिएको छ ।

ञ. राजस्व तर्फको लेखापरीक्षण प्रतिवेदन अनुसार नियमित गर्नुपर्ने रू. २२ करोड ४७ लाख ६७ हजार र असुल उपर गर्नुपर्ने तर्फ रू. १ करोड १३ लाख ९८ हजार गरी जम्मा रू. २३ करोड ६१ लाख बेरुजु रकम कायम हुन आएको छ ।

ट. आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार खरिद व्यवस्थापन तर्फ मात्र नियमित गर्नुपर्ने रकम रू. ६७ करोड ७१ लाख ३० हजार, असुल उपर गर्नुपर्ने रकम रू. १५ करोड ७२ लाख ८८ हजार र म्याद नाघेको

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

पेस्की रकम रू. ८ करोड २३ लाख २१ हजार गरी जम्मा बेरुजु रकम रू. ९० करोड ६७ लाख ३९ हजार देखिन आएको छ ।

ठ. बढि भुक्तानी तथा आधार नभएको खर्च शीर्षक अन्तर्गत बिल/भरपाई बेगर रकम रू. ९६ करोड ६७ लाख ५ हजार देखिन आएको छ । यसका साथै बढि एवम् दोहोरो भुक्तानी भएको बेरुजु रकम रू. ४ करोड ९९ लाख ८ हजार र प्रचलित नर्म्स विपरित भुक्तानी भएको रकम रू. ९७ लाख ९६ हजार देखिएको छ ।

ड. यस वर्ष पूर्वाधारसँग सम्बन्धित ५४०, स्थानीय तह अन्तर्गत गाउँपालिका ३९४, नगरपालिका २०७ र अन्य ३,५७० कार्यालयको आन्तरिक लेखापरीक्षण भएको ।

ढ. आ.व. २०७७।७८ मा जम्मा ४,७११ कार्यालयका १५,५५७ वटा बजेट उपशीर्षकहरूको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ ।

ण. आन्तरिक लेखापरीक्षण सम्पन्न गर्ने कार्यमा ८१ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयमा कार्यरत पुरूष ४६७ र महिला ३४ जना कर्मचारीहरू खटिएका थिए ।

त. मन्त्रालय/केन्द्रीय निकायले आफु र अन्तर्गतका कार्यालयमा प्रचलित कानून अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको सम्बन्धमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा कैफियत उल्लेख भएको देखिन्छ । यसबाट कानूनको परिपालनाको स्तर कमजोर रहेको देखिन्छ ।

थ. मन्त्रालय/केन्द्रीय निकाय र अन्तर्गत सम्पति व्यवस्थापन प्रणालीको प्रयोग पूर्ण रुपमा नभएको कारण सरकारी तथा सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थापन र सोको उपयोग सहि ढंगले भए/नभएको सम्बन्धमा यथार्थ चित्रण प्राप्त हुने अवस्था नरहेको देखिन्छ ।

**आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति तथा गराउने कार्यालयको विवरण**

| प्रदेश | ले.प. गराउने कार्यालय सख्या | पुर्वाधारसँग सम्बन्धित कार्यालय | लेखापरीक्षण गराउने स्थानिय तहहरू | | | | | अन्य कार्यालय | ले.प.मा संलग्न महिला कर्मचारी | ले.प.मा संलग्न पुरूष कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाउँपालिका | नगरपालिका | उ.म.न.पा. | म.न.पा. | जम्मा | | | |
| प्रदेश नं. १ | ७६८ | ९१ | ८५ | ४३ | २ | ० | १३० | ५४७ | ३ | ८६ |
| प्रदेश नं. २ | ४९० | ५४ | ३० | १८ | २ | १ | ५१ | ३८५ | ० | ३८ |
| बाग्मती प्रदेश | १४०१ | १६८ | ६२ | ३० | २ | १ | ९५ | ११३७ | २० | १०१ |
| गण्डकी प्रदेश | ५११ | ५९ | ४९ | २३ | ० | ० | ७२ | ३८० | ३ | ६४ |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लुम्बिनी प्रदेश | ६६२ | ७१ | ७२ | ३० | ३ | ० | १०५ | ४८६ | १ | ७१ |
| कर्णाली प्रदेश | ४०७ | ४० | ४१ | २१ | ० | ० | ६२ | ३०५ | ३ | ५८ |
| सुदुरपश्चिम प्रदेश | ४७२ | ५६ | ५५ | ३० | १ | ० | ८६ | ३३० | ४ | ४९ |
| **जम्मा** | **४७११** | **५४०** | **३९४** | **१९५** | **१०** | **२** | **६०१** | **३५७०** | **३४** | **४६७** |




**चित्र नं. १**




**चित्र नं. २**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## आ.व. २०७८/०७९ मा खटाईएका आन्तरिक लेखापरीक्षकहरूको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८३ (१) तथा आन्तरिक लेखापरीक्षक खटाउने मापदण्ड, २०७७ बमोजिम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा रिक्त रहेका देहाय बमोजिम आन्तरिक लेखापरीक्षण अधिकृत र आन्तरिक लेखापरीक्षण सहायक खटाइएको छ ।

| पद विवरण | जम्मा दरबन्दी | पदपुर्ति | | | कुल दरबन्दीको पदपुर्ति % |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| आन्तरिक लेखापरीक्षण अधिकृत | ६६ | - | १९ | १९ | २८.७८ |
| आन्तरिक लेखापरीक्षण सहायक | १६४ | ३ | ६३ | ६६ | ४०.२४ |
| **जम्मा** | **२३०** | **३** | **८२** | **८५** | **३६.९५** |

उल्लेखित आन्तरिक लेखापरीक्षणका लागि खटाईएका जनशक्तिले आ.व.२०७८/०७९ देखि आन्तरिक लेखापरीक्षण गर्नेछ ।




चित्र नं. ३

## कुल बजेट तथा कुल खर्च

### १. कुल बजेट

क. आ.व. ०७७/७८ मा माननीय अर्थमन्त्रीज्यूबाट संसद्मा पेस भएको वार्षिक आय-व्ययको विवरण अनुसार कुल बजेट निम्नानुसार रहेको छ ।

कुल बजेट रू. १४ खर्ब ७४ अर्ब ६४ करोड

१. चालु तर्फ रू. ९ खर्ब ४८ अर्ब ९४ करोड

२. पुँजीगत तर्फ रू. ३ खर्ब ५२ अर्ब ९१ करोड

३. वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब ७२ अर्ब ७९ करोड

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

ख. मिति २०७८ कार्तिक २९ गते एकल खाता कोष प्रणालीमा रहेको प्रारम्भिक तथ्याङ्क अनुसार आय-व्ययको विवरण अनुसार कुल बजेट निम्नानुसार रहेको छ ।

कुल बजेट रू. १४ खर्ब ७४ अर्ब ६४ करोड

१. चालु तर्फ रू. ९ खर्ब ४७ अर्ब ६ करोड

२. पुँजीगत तर्फ रू. ३ खर्ब ५३ अर्ब ७४ करोड

३. वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब ७३ अर्ब ८३ करोड

## २. कुल खर्च

मिति २०७८ कार्तिक २९ गते TSA, FMIS मा रहेको प्रारम्भिक तथ्याङ्क अनुसार आ.व. ०७७/७८ को कुल खर्च निम्नानुसार रहेको छ ।

कुल खर्च रू. ११ खर्ब ९६ अर्ब ६० करोड

क. चालु तर्फ रू. ८ खर्ब ४६ अर्ब १२ करोड

ख. पुँजीगत तर्फ रू. २ खर्ब २८ अर्ब ८५ करोड

ग. वित्तीय व्यवस्था तर्फ रू. १ खर्ब २१ अर्ब ६२ करोड

## ३. राजस्वको अनुमान तथा प्राप्ति

क. आ.व. ०७७/७८ मा माननीय अर्थमन्त्रीज्यूबाट संसद्मा पेस भएको वार्षिक आय-व्ययको विवरण अनुसार कुल राजस्व अनुमान निम्नानुसार रहेको छ ।

अनुमान रू. ८ खर्ब ८९ अर्ब ६२ करोड

ख. मिति २०७८ कार्तिक २९ गते RMIS मा प्राप्त तथ्याङ्क अनुसार आ.व. ०७७/७८ को कुल राजस्व प्राप्ति निम्नानुसार रहेको छ ।

प्राप्ति रू. ९ खर्ब ७६ अर्ब ३२ करोड




चित्र नं. ४

**आ.व. २०७७/७८ मा बढी बजेट विनियोजन र खर्चका आधारमा १० वटा केन्द्रीय निकायहरू**

| कोड | मन्त्रालय/निकाय/तह | जम्मा बजेट विनियोजन (रू.लाखमा) | कुल विनियोजन % | जम्मा खर्च (रू.लाखमा) | विनियोजन मा खर्च % |
|---|---|---|---|---|---|
| ३३७ | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | १४८२८९८.४६ | १०.०६ | १०२३६८५.७१ | ६९.०३ |
| ३१४ | गृह मन्त्रालय | १४६०३९४.४७ | ९.९० | १३५३५७९.१० | ९२.६९ |
| ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ६९३३७६.७३ | ४.७० | ५२९६७४.२१ | ७६.३९ |
| ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६२३६७३.२५ | ४.२३ | ४१५०१६.१५ | ६६.५४ |
| ३४५ | रक्षा मन्त्रालय | ५४७६९५.०३ | ३.७१ | ५२६५४२.४६ | ९६.१४ |
| ३५० | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | ४७७५४२.२१ | ३.२४ | ३६७१५१.५१ | ७६.८८ |
| ३०८ | उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय | ४२७२८७.६२ | २.९० | २४४९२१.३८ | ५७.३२ |
| ३०५ | अर्थ मन्त्रालय | ३१५५७७.८६ | २.१४ | १४३५३९.२८ | ४५.४८ |
| ३४७ | शहरी विकास मन्त्रालय | ३०८५९७.१३ | २.०९ | २४५५६१.३५ | ७९.५७ |
| ३१२ | कृषि तथा पशुपन्छि विकास मन्त्रालय | २८६२३६.१७ | १.९४ | २३००६६.१२ | ८०.३८ |
| | **जम्मा** | **६६२३२७८.९३** | | ५०७९७३७.२७ | |




चित्र नं. ५

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं

**गत आ.व. २०७६/७७ र २०७७/०७८ आ.व.मा बढी बजेट विनियोजन र खर्च भएका केन्द्रीय निकायहरू बीचको तुलनात्मक विवरण**

| कोड | मन्त्रालय/निकाय/तह | जम्मा बजेटमा कुल विनियोजन % | | कुल विनियोजनमा कुल खर्च % | |
|---|---|---|---|---|---|
| | | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ९.८७ | १०.१ | ५७.५० | ६९.०३ |
| ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ९.१३ | ४.७ | ३७.५९ | ७६.३९ |
| ३४५ | रक्षा मन्त्रालय | ३.२८ | ३.७ | ९९.८६ | ९६.१४ |
| ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २.५६ | ४.२ | ७८.६८ | ६६.५४ |
| ३०५ | अर्थ मन्त्रालय | १.४५ | २.१ | ३५.०८ | ४५.४८ |
| ३१४ | गृह मन्त्रालय | ९.१७ | ९.९ | ९२.२८ | ९२.६९ |

उपरोक्त बमोजिम बढी बजेट तथा खर्च हुने निकायहरूको तुलनात्मक विवरण निम्नानुसार रहेको छ ।

क. बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण भौतिक संरचनाहरूको क्षति हुन पुगेका कारण गत आ.व. भन्दा यस आ.व. मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लागि बढी बजेट विनियोजन तथा खर्च भएको देखिन्छ ।

ख. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को रोकथाम, उपचार र व्यवस्थापन गर्न तथा राष्ट्रिय जनगणना सफलतापूर्वक सम्पन्न गर्नको लागि गत आ.व. भन्दा यस आ.व.मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लागि बढी बजेट विनियोजन तथा खर्च भएको देखिन्छ ।

ग. प्राकृतिक प्रकोप तथा कोभिड-१९ महामारीका बखत विभिन्न समयमा भएको निषेधाज्ञा र लकडाउनमा सुरक्षाकर्मी अग्रपंतिमा रहि काम गर्नुपर्ने भएको हुँदा गत आ.व. भन्दा यस आ.व. मा गृह मन्त्रालयको लागि बढी बजेट विनियोजन तथा खर्च भएको देखिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं




**चित्र नं. ६**

**आ.व. २०७७/७८ मा कम बजेट विनियोजन र खर्चका आधारमा १० बटा केन्द्रीय निकायहरू**

| कोड | मन्त्रालय/निकाय/तह | जम्मा बजेट विनियोजन (रू.लाखमा) | कुल विनियोजन% | जम्मा खर्च (रू.लाखमा) | विनियोजनमा खर्च% |
|---|---|---|---|---|---|
| २२८ | आदिवासी जनजाति आयोग | ३१५.०० | ०.००२१ | २१५.२८ | ६८.३४ |
| २२४ | राष्ट्रिय दलित आयोग | ३२८.०० | ०.००२२ | २६३.९० | ८०.४६ |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ३४१.०० | ०.००२३ | २०८.९६ | ६१.२८ |
| २३४ | मुस्लिम आयोग | ४४४.०० | ०.००३० | २७४.४६ | ६१.८२ |
| २१८ | न्याय परिषद | ४८१.३४ | ०.००३३ | ४०६.३४ | ८४.४२ |
| २३० | मधेशी आयोग | ५१८.३९ | ०.००३५ | ४३२.२२ | ८३.३८ |
| १०२ | उपराष्ट्रपतिको कार्यालय | ५३५.०० | ०.००३६ | ४६३.८५ | ८६.७० |
| २३२ | थारु आयोग | ५५७.१० | ०.००३८ | ३९०.३५ | ७०.०७ |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८८०.०० | ०.००६० | ४६०.१० | ५२.२८ |
| २२२ | राष्ट्रिय महिला आयोग | १२६४.०० | ०.००८६ | ६९०.४५ | ५४.६२ |
| | जम्मा | ५६६३.८३ | | ३८०५.९१ | |

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाडौं




**चित्र नं. ७**

## आर्थिक वर्ष अनुसार बेरूजुको तुलनात्मक विवरण

| सि.नं | विवरण | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु रकम (रु. लाखमा) | | |
|---|---|---|---|---|
| | | आ .व. ०७६/७७ | आ .व. ०७७/७८ | वृद्धि/कम प्रतिशत |
| १ | नियमित गर्नुपर्ने | ३,३३,०१.५५ | ६९५७३.१८ | १०८.९१ |
| २ | असूल गर्नुपर्ने | १०८,८५.७३ | ५९१९.२८ | -४५.६२ |
| ३ | म्याद नाघेको पेस्की बाँकी | ६,९८,१२.१९ | १७७१५७.९५ | १५३.७६ |
| | कुल जम्मा | ११३९९९.४७ | २५२६५०.४१ | |




**चित्र नं. ८**

## आ.व. अनुसार बेरूजु वर्गीकरण अनुसारको विवरण

| सि.नं | विवरण | आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु रकम (रु. लाखमा) | | |
|---|---|---|---|---|
| | | आ .व. ०७६/७७ | आ .व. ०७७/७८ | कम/वृद्धि % |
| १. | म्याद ननाघेको पेस्की बाँकी | ३२०४४३.५७ | १९३९०५.४८ | -३९.४८ |




चित्र नं. ९

## आर्थिक वर्ष २०७७/०७८ को बेरूजु वर्गीकरणका आधारमा उल्लेख्य बेरूजु हुने केन्द्रीय निकायहरू

| कोड | मन्त्रालयको नाम | नियमित गर्नुपर्ने (रू.लाखमा) | असुल उपर गर्नुपर्ने (रू.लाखमा) | म्याद नाघेको पेस्की (रू.लाखमा) | जम्मा बेरुजु (रू.लाखमा) |
|---|---|---|---|---|---|
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५,९०७.७४ | २,७०६.४१ | ७७,१०७.३० | ९५,७२१.४५ |
| ८०१ | स्थानीय तह | ३१,०३२.६१ | २,३३२.३४ | ४९,२९६.५० | ८२,६६१.४५ |
| ३४५ | रक्षा मन्त्रालय | १,३९२.७७ | १५६.८४ | १७,१६५.९४ | १८,७१५.५५ |
| ३४७ | शहरी विकास मन्त्रालय | ३,३४८.६७ | १४२.५४ | ९,८०१.९१ | १३,२९३.१२ |
| २०४ | अदालत | ४९.९७ | ७.०६ | ८,७९५.६७ | ८,८५२.७० |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं




**चित्र नं. १०**

## बेरूजु कोड वर्गीकरणको शीर्षक अनुसार विवरण

| बेरुजु कोड | बेरुजूको कोड शीर्षक | नियमित गर्नु पर्ने (रू.लाखमा) | असुल गर्नुपर्ने रू.लाखमा) | म्याद नाघेको पेस्की (रू.लाखमा) | जम्मा बेरुजु (रू.लाखमा) | म्याद ननाघेको पेस्की (रू.लाखमा) |
|---|---|---|---|---|---|---|
| १०० | आन्तरिक नियन्त्रण | १,१०७.४७ | ०.०० | ०.०० | १,१०७.४७ | १२१.८२ |
| २०० | मलेप फारम र खाताहरूको प्रयोग | ९००.५४ | १५३.८३ | ०.०० | १,०५४.३७ | ४२.०० |
| ३०० | वार्षिक बजेट तथा कार्यक्रम | ९,५८२.३६ | १,८१७.१२ | ४७.४८ | ११,४४६.९६ | २६८.६९ |
| ४०० | पारिश्रमिक तथा सेवा सुविधा | ४६६.२९ | ६२.५७ | ०.०९ | ५२८.९५ | ०.०० |
| ५०० | बढी भुक्तानी/ तथा आधार नभएको | १५,२१५.८९ | १,६१७.६५ | १,०८६.८४ | १७,९२०.३८ | १,२४३.७३ |
| ६०० | खरिद व्यवस्थापन | ६,६७१.३० | १,५७२.८८ | ८२३.२१ | ९,०६७.३९ | २,६१९.९४ |
| ७०० | कर व्यवस्थापन | १,४४१.१८ | ६७.८१ | १९.४० | १,५२८.३९ | ३,६१५.६४ |
| ८०० | पेस्कीको जिम्मेवारी सारेको | १४,३८७.०१ | ६५.६३ | १७३,७३८.२३ | १८८,१९०.८७ | १८३,९२९.९२ |
| ९०० | सुझाब | १६,९८८.५७ | ४५३.४२ | २०८.१३ | १७,६५०.१२ | १०२.९६ |
| १,१०० | वैदेशिक लगानीमा सञ्चालित आयोजना ( PCU ले तयार गर्ने) | १.७७ | ०.०० | ०.०० | १.७७ | ०.०० |
| १,२०० | राजस्व व्यवस्थापन | ८०६.४८ | २६.१६ | ०.०० | ८३२.६४ | ०.०० |
| १,३०० | धरौटी | ६.०० | ०.०७ | ०.०० | ६.०७ | ०.०० |
| १,४०० | जिन्सी तथा सम्पति व्यवस्थापन | ११८.५२ | ०.०० | ०.०० | ११८.५२ | ०.०० |
| १,५०० | कार्य सञ्चालन कोष | ०.०० | २९.५० | ०.०० | २९.५० | ०.०० |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १,६०० | गत विगतको बेरुजु अभिलेख तथा सम्परीक्षण अवस्था | १,८७९.७४ | ५२.५९ | १,२३४.५६ | ३,१६६.८९ | १,९६०.७५ |
| | **कुल जम्मा** | **६९,५७३.१२** | **५,९१९.२३** | **१७७,१५७.९४** | **२५२,६५०.२९** | **१९३,९०५.४५** |

**<u>बेरुजु कोड वर्गीकरण अनुसार सबैभन्दा बढी बेरूजु विवरण</u>**

| बेरूजु कोड | बेरूजु कोडको शीर्षक | रकम (रू. लाखमा) |
|---|---|---|
| ८०० | पेस्कीको जिम्मेवारी | १८८१९०.८७ |
| ९०० | बढी भुक्तानी/ तथा आधार नभएको | १७९२०.३८ |
| ५०० | सुझाब | १७६५०.१२ |
| ३०० | वार्षिक बजेट तथा कार्यक्रम | ११४४६.९६ |
| ६०० | खरिद व्यवस्थापन | ९०६७.३९ |




**चित्र नं. ११**

**<u>बेरुजु कोड वर्गीकरण अनुसार असुल उपर गर्ने बेरूजु विवरण</u>**

| बेरुजुको कोड | बेरुजू कोडको शीर्षक | असुल गर्नुपर्ने |
|---|---|---|
| ३०० | वार्षिक बजेट तथा कार्यक्रम | १,८१७.१२ |
| ५०० | बढी भुक्तानी/ तथा आधार नभएको | १,६१७.६५ |
| ६०० | खरिद व्यवस्थापन | १,५७२.८८ |
| ९०० | सुझाब | ४५३.४२ |
| २०० | मलेप फारम र खाताहरूको प्रयोग | १५३.८३ |




**चित्र नं. १२**

**बेरुजु कोड वर्गीकरण अनुसार नियमित गर्ने बेरूजु विवरण**

| बेरुजुको कोड | बेरुजू कोडको शीर्षक | नियमित गर्नुपर्ने |
|---|---|---|
| ९०० | सुझाब | १६,९८८.५७ |
| ५०० | बढी भुक्तानी/ तथा आधार नभएको | १५,२१५.८९ |
| ८०० | पेस्कीको जिम्मेवारी सारेको | १४,३८७.०१ |
| ३०० | वार्षिक बजेट तथा कार्यक्रम | ९,५८२.३६ |
| ६०० | खरिद व्यवस्थापन | ६,६७१.३० |




**चित्र नं. १३**

उपरोक्त बमोजिम शीर्षक वर्गीकरण अनुसार सबैभन्दा बढी बेरूजु हुने, असुल उपर हुने र नियमित गर्नुपर्ने बेरूजुको विवरण निम्नानुसार रहेको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## मन्त्रालयगत बजेट, खर्च र बेरूजु

| कोड | मन्त्रालयको नाम | जम्मा बजेट (रू.लाखमा) | जम्मा खर्च (रू.लाखमा) | बेरुजु (रू.लाखमा) | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| १०१ | राष्ट्रपति | १,६३६.१२ | १,२२७.८७ | ०.०० | ०.०० |
| १०२ | उपराष्ट्रपति | ५३५.०० | ४६३.८५ | ०.०० | ०.०० |
| १०३ | प्रदेश प्रमुखहरु | २,३०२.३६ | १,५६०.९२ | १.५३ | ०.१० |
| २०२ | सङ्घीय संसद | १२,५५८.६२ | १०,४१५.६७ | ४३.६० | ०.४२ |
| २०४ | अदालत | ८२,७६२.११ | ६९,६०२.१९ | ८,८५२.७१ | १२.७२ |
| २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १३,३०४.०० | ८,३०४.२९ | ०.०० | ०.०० |
| २०८ | महालेखापरीक्षकको कार्यालय | ६,२३२.०० | ५,१५८.८० | - | - |
| २१० | लोक सेवा आयोग | ७,९५५.२२ | ५,३६५.६० | ०.१८ | ०.०० |
| २१२ | निर्वाचन आयोग | ५,९४०.१५ | ४,८९३.१९ | २.७० | ०.०६ |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | २,६३६.३७ | १,७७३.७८ | ०.०० | ०.०० |
| २१८ | न्याय परिषद् | ४८१.३४ | ४०६.३४ | ०.०० | ०.०० |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ८८०.०० | ४६०.१० | ०.०० | ०.०० |
| २२२ | राष्ट्रिय महिला आयोग | १,२६४.०० | ६९०.४५ | ०.०१ | ०.०० |
| २२४ | राष्ट्रिय दलित आयोग | ३२८.०० | २६३.९० | ०.०० | ०.०० |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ३४१.०० | २०८.९६ | ०.०० | ०.०० |
| २२८ | आदिवासी जनजाति आयोग | ३१५.०० | २१५.२८ | ०.५५ | ०.२६ |
| २३० | मधेशी आयोग | ५१८.३९ | ४३२.२२ | ०.०० | ०.०० |
| २३२ | थारू आयोग | ५५७.१० | ३९०.३५ | ०.०० | ०.०० |
| २३४ | मुस्लिम आयोग | ४४४.०० | २७४.४६ | ०.०० | ०.०० |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४३,८१०.७५ | ३०,३०४.९५ | २४७.६४ | ०.८२ |
| ३०५ | अर्थ मन्त्रालय | ३१५,५७७.८६ | १४३,५३९.२८ | ७२.०६ | ०.०५ |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९४,२६९.९९ | ५४,९०२.६६ | १७०.५१ | ०.३१ |
| ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ४२७,२८७.६२ | २४४,९२१.३८ | ४,८३९.६९ | १.९८ |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४,९६१.५१ | २,८५८.५३ | ८७.४१ | ३.०६ |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २८६,२३६.१७ | २३०,०६६.१२ | ३६४.०५ | ०.१६ |
| ३१३ | खानेपानी मन्त्रालय | २५३,३१०.०० | १२१,९९१.४० | ६,७३९.७० | ५.५२ |
| ३१४ | गृह मन्त्रालय | १,४६०,३९४.४७ | १,३५३,५७९.१० | १,७२५.८६ | ०.१३ |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| | | | | | |
|---|---|---|---|---|---|
| ३२५ | संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालय | ५९,७२०.३८ | ४५,२८७.३४ | १,४१८.६८ | ३.१३ |
| ३२६ | परराष्ट्र मन्त्रालय | ६८,२४७.२० | ६०,५०८.८३ | ११.६२ | ०.०२ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | १२७,९२०.४८ | १००,६५१.२५ | ६९७.२४ | ०.६९ |
| ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय | ८१,३१६.४६ | ५५,९८८.११ | ५५८.०१ | १.०० |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १,४८२,८९८.४६ | १,०२३,६८५.९० | ९५,७२१.४५ | ९.३५ |
| ३४० | महिला बालबालिका तथा जेष्ठ नागरीक मन्त्रालय | ६,७५९.९६ | ४,९६५.६८ | १०.१० | ०.२० |
| ३४३ | युवा तथा खेलकूद मन्त्रालय | २०,५७५.७८ | १३,९५२.११ | १४१.८२ | १.०२ |
| ३४५ | रक्षा मन्त्रालय | ५४७,६९५.०३ | ५२६,५४२.४६ | १८,७१५.५६ | ३.५५ |
| ३४७ | शहरी विकास मन्त्रालय | ३०८,५९७.१३ | २४५,५६१.३५ | १३,२९३.१४ | ५.४१ |
| ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४७७,५४२.२१ | ३६७,१५१.५१ | ८३८.९५ | ०.२३ |
| ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७३,७३२.७९ | ६३,६९८.०७ | ५३४.२९ | ०.८४ |
| ३६५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २७७,८७१.६४ | १५७,६३०.०६ | १,७५९.३४ | १.१२ |
| ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६२३,६७३.२५ | ४१५,०१६.१५ | ६,३२६.९८ | १.५२ |
| ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३१,७३८.३६ | १६,२३०.५९ | ९६.०४ | ०.५९ |
| ३९१ | राष्ट्रिय योजना आयोग | १६,६३२.७६ | ९,२५२.७० | १२.९६ | ०.१४ |
| ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ६९३,३७६.९० | ५२९,६७४.२१ | ६,६८६.८८ | १.२६ |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | १,०९९,६९९.०० | ६१३,९२२.८० | ०.०० | ०.०० |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ६५६,४१७.०० | ६५३,६१६.८७ | ०.०० | ०.०० |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २७४,०९२.०० | २६३,४५०.०४ | ०.०० | ०.०० |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ७१,०७४.०० | ३२,६४७.०० | ०.०० | ०.०० |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ५९८,२४५.८५ | ५२५,३८८.३३ | ०.०० | ०.०० |
| ६०२ | अर्थ मन्त्रालय- विविध | २७,६७५.९४ | १,५०१.७० | ०.०० | ०.०० |
| ७०१ | प्रदेश | १,१३५,४१२.४३ | १,१०३,४८०.६२ | १७.५७ | ०.०० |
| ८०१ | स्थानीय तह | २,९५८,६९९.८४ | २,८४१,९८५.९२ | ८२,६६१.४५ | २.९१ |
| | जम्मा | १४,७४६,४५४.०० | ११,९६६,०३०.०० | २५२,६५०.२८ | |

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदनका सुझावहरू

### कानूनी व्यवस्थामा गरिनुपर्ने सुधार

१ मन्त्रालय तथा केन्द्रीय निकायले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था गरेको भए पनि हालसम्म अधिकांश निकायले प्रणाली तयार गरी लागू गरेका छैनन् । अतः कानुनी व्यवस्था बमोजिम तत्काल तयार गरी कार्यान्वयन गरे नगरेको जिम्मेवार पदाधिकारीको कार्यसम्पादन मुल्याङ्कनसँग आवद्ध गरिनु पर्दछ ।

२ समान प्रकृतिका कामका लागि एउटै केन्द्रीय निकाय अन्तर्गत समेत फरक-फरक नर्म्स तथा मापदण्ड हुँदा मितव्ययिता कायम हुन नसकेको हुँदा समान प्रकृतिका कार्यका लागि नर्म्स तथा मापदण्डमा तत्काल एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

३ आन्तरिक लेखापरीक्षणबाट औँल्याइएको बेरूजुहरूमा सुधार गर्ने तर्फ जिम्मेवार पदाधिकारीहरु संवेदनशिल रहेको देखिएन । साथै अघिल्ला वर्षमा देखिएका कैफियत तथा बेरुजु पुनः अर्को वर्ष दोहोरिने प्रवृतिलाई दण्डनीय बनाउनु पर्दछ ।

४ अन्तरार्ष्ट्रिय प्रचलनको अभ्यास खरिद कार्यमा बढ्दै गएको सन्दर्भमा खरिद कानून तथा खरिद सम्बन्धी कागजातमा समयानुकूल सुधार गरिनुपर्ने देखिन्छ ।

५ नियमानुसार सेवा प्रवाह गरे बापत प्राप्त गर्नुपर्ने सेवा शुल्क, तोकिएको कर राजस्व प्राप्त नगरेको तथा प्राप्त गरेको राजस्व रकम समेत समयमा बैङ्क दाखिला नगर्ने कार्यलाई दण्डनिय बनाईनु पर्दछ ।

६ कुल राजस्वको तुलनामा आन्तरिक लेखापरीक्षण गरिएको राजस्वको रकम न्यून भएको हुँदा राजस्व लेखाको लेखापरीक्षणमा आन्तरिक लेखापरीक्षण अत्यन्त कमजोर देखिएको छ । यस सम्बन्धमा देखिएको कानूनी दुविधा निराकरण गरी समग्र राजस्वलाई आन्तरिक लेखापरीक्षणको दायरामा ल्याउनुपर्छ ।

### संरचनागत सुधार

७ निरन्तर र सघन अनुगमन गर्ने प्रणालीको विकास गरी आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी, गुणस्तरीय बनाउन महालेखा नियन्त्रक कार्यालय मातहत प्रदेशस्तरमा कोष तथा लेखा नियन्त्रक कार्यालय अन्तर्गत जनशक्तिको व्यवस्था गरिनुपर्दछ ।

८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को व्यवस्था अनुसार २३० वटा दरबन्दी मध्ये ९० जनाले मात्र स्वेच्छिक आवेदन दिएको र १४० आन्तरिक लेखापरीक्षक खटाउन बाँकी नै रहेको देखिन्छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो नियमित विनियोजन राजश्व लगायतका कार्यको अलावा निवृत निजामति कर्मचारी/शिक्षक तथा निजामती किताबखानाको कार्य समेत सम्पादन गर्नु परेको तथा स्थानीय तह लगायत अन्य सरकारी निकायहरूको अनुरोधमा कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्ने कानुनी प्रावधान कारणले कार्यबोझ

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

बढेको अवस्थामा लेखा समुह अन्तर्गत छुट्टै आन्तरिक लेखापरीक्षण उपसमुहमा नयाँ दरबन्दी श्रृजना गरी पर्याप्त जनशक्तिका लागि पहल गर्नुपर्ने देखिन्छ ।

**जनशक्तिको क्षमता विकास**

९ महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको महत्वपूर्ण जिम्मेवारी मध्ये विनियोजन/राजस्व/निवृत्तिभरण/तलवी प्रतिवेदन लगायत र आन्तरिक लेखापरीक्षणको कार्य फरक-फरक हुँदै गएको अवस्थमा पेशागत सीप क्षमता विकासका लागि कार्यरत कर्मचारीहरूको कार्य जिम्मेवारी अनुसार क्षमता विकास तालिम प्रदान गर्नुपर्ने देखिन्छ ।

१० प्रचलित कानूनले आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता तथा प्रभावकारिताको आधारमा गर्नुपर्ने गरी कार्यक्षेत्र तोकिएपनि आन्तरिक लेखापरीक्षण नियमितता र गणितीय शुद्धतामा केन्द्रित देखिन्छ । बिभिन्न विषयमा विशेषज्ञता तथा ज्ञानको विकास गर्न समान काम गर्ने राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय निकाय वा संस्थाहरुसँग समन्वय र ज्ञानको आदान-प्रदानका लागि ठोस पहल गरिनुपर्ने देखिन्छ ।

११ प्रत्येक बर्ष म्याद नाघेको पेस्की तथा खरिद सम्बन्धी कार्यमा उल्लेख्य मात्रामा बेरुजु बढ्दै गएको देखिएकाले समय तालिका अनुसार निर्माण/खरिद कार्य भए/नभएको अनुगमन गर्ने, भेरिएशन आदेश, मूल्य समायोजन, समयमा म्याद थप गर्ने तथा प्रोभिजनल समबाट खर्च लेख्दा आवश्यक विल भरपाई राख्ने जस्ता कार्य प्रचलित नियमानुसार गर्नुपर्ने देखिन्छ । तसर्थ, संवेदनशिल कार्य र ठुलो मात्रामा खरिद सम्बन्धी कार्य हुने कार्यालयमा खरिद सम्बन्धी तालिम प्राप्त सीपयुक्त कर्मचारी खटाउनुपर्ने देखिन्छ ।

**प्रणाली बिकासका लागि सुझाव**

१२ एकल खाता कोष प्रणालीको सहायक प्रणालीको रुपमा रहेको आन्तरिक लेखापरीक्षण प्रणालीबाट प्राप्त हुने प्रतिवेदनबाट बिविधिकृत विवरण प्राप्त गर्न तथा प्रतिवेदनको विश्वसनियता, गुणस्तर र सोको दीगोपनका लागि प्रणालीमा समयानुकुल थप परिमार्जन गर्नुपर्ने देखिन्छ ।

**कानूनको परिपालना तथा अनुगमन निरीक्षण**

१३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार प्रत्येक मन्त्रालय तथा केन्द्रीय निकायले आफ्नो र मातहतका कार्यालयको सम्पत्तिको एकीकृत विवरण तोकिएकै समयमा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा सम्पति व्यवस्थापन प्रणालीको प्रयोग गरि समयमै प्रतिवेदन गर्ने तर्फ लेखाउत्तरदायी अधिकृतलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

१४ सार्वजिनक वित्तीय व्यवस्थापनलाई सबल र सुदृढ तुल्याउन खर्च गर्ने, लेखा राख्ने तथा प्रतिवेदन गर्ने कार्यमा कानूनी व्यवस्थाको परिपालनाले महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । सरकारी कार्य सम्पादनमा कानूनी व्यवस्थाको परिपालना कमजोर देखिएको र यसले समग्र सार्वजनिक वित्तीय व्यवस्थापन समेतलाई नकारात्मक असर पर्ने हुँदा लेखा उत्तरदायी अधिकृतलाई थप जिम्मेवार बनाउन सार्थक प्रयत्न आवश्यक देखिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

१५ नेपाल सरकारको लेखा निर्देशिका, २०७३ ले वित्तीय कारोबारको लेखाङ्कन र संलग्न हुनुपर्ने प्रमाण कागजातहरूको बारेमा स्पष्ट गरेको भएतापनि मन्त्रालय तथा केन्द्रीय निकायहरूले उक्त निर्देशिकाको पालना नगर्दा नियमित गर्नुपर्ने, कागजात पेस गर्नुपर्ने जस्ता प्रकृतिका बेरूजुहरू दोहोरिएको र बेरूजुको अङ्क समेत बढ्दै गएको देखिन्छ । तसर्थ, नेपाल सरकारको लेखा निर्देशिका, २०७३ को पालनाका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार र उत्तरदायी बनाउनु पर्दछ ।

१६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम लेखा उत्तरदायी अधिकृतले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्छ्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । यसको पालना सबै सरोकारवाला निकायहरूबाट गर्न गराउन अनुगमन निरीक्षणलाई यस तर्फ आवद्ध गर्न जरूरी छ ।

१७ नियमित र दैनिक रुपमा आवश्यक पर्ने एकै किसिमका फुटकर सामानको खरिद कानूनले तोकेको सीमा भन्दा बढी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट पटक-पटक सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोमा तोकिएको सीमा भन्दा बढीको मालसामानहरू सोझै खरिद गरे/नगरेको तथा खरिदमा प्रचलित कानूनको पालना भए/नभएको सम्बन्धमा तालुक केन्द्रीय निकायको अनुगमन प्रभावकारी बनाउनु पर्दछ ।

१८ समयमै लेखापरीक्षणबाट औंल्याइएका बेरूजुहरू फर्छ्यौट गरे/नगरेको तथा आर्थिक प्रशासनसँग सम्बन्धित बिषयमा समेत सम्बन्धित केन्द्रीय निकायहरूले आफ्नो अनुगमन निरीक्षण कार्यलाई केन्द्रबिन्दुमा राख्नुपर्ने देखिन्छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं